सिंह दैनिक
शेरा नेपाल
"ख" वर्गको
सिंह
सत्य तथ्य समाचारको सम्मिश्रण Shingh Daily दैनिक
वर्ष १७ | अंक २२६ | २०८२ चैत्र ०२ गते सोमबार ( 2026, March 16, Monday) | मुल्य रु. ५/- | पृष्ठ संख्या ४

पानीका श्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं ।
- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला, छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# ८ महिनामा चालु खर्च साढे ६ खर्ब पुग्दा विकास खर्च ७८ अर्ब मात्र




*काठमाडौं,१ चैत ।*

सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को ८ महिना -साउन-फागुन)मा ७८ अर्ब ४८ करोड रुपैयाँ बराबर मात्र विकास खर्च गर्न सकेको छ ।

महालेखा नियन्त्रक कार्यालयको तथ्यांक अनुसार फागुन मसान्तसम्म वार्षिक लक्ष्यको १९.२४ प्रतिशत मात्र विकास खर्च भएको छ । यस वर्ष सरकारले ४ खर्ब ७ अर्ब ८८ करोड रुपैयाँ बराबर पूँजीगत खर्चको लक्ष्य राखेको छ ।

उता, चालु खर्च भने ६ खर्ब ४२ अर्ब पुगिसकेको छ । जुन वार्षिक लक्ष्यको ५४.३७ प्रतिशत हो । चालु खर्चमा तल्ला सरकारमा जाने विभिन्न प्रकारका अनुदान समेत समावेश हुन्छ । यस वर्ष यस्तो खर्च ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ बराबर गर्ने लक्ष्य सरकारको छ ।

कार्यालयका अनुसार वित्तीय व्यवस्थातर्फको खर्च २ खर्ब नाघेको छ । जुन सरकारले सार्वजनिक ऋणको भुक्तानी र संस्थानहरूमा सेयर लगानीका लागि प्रयोग गर्छ । यस्तो खर्च कुल लक्ष्यको ५४.८९ प्रतिशत भएको छ । वित्तीय व्यवस्थामा चालु आवमा ३ खर्ब ७५ अर्ब रुपैयाँ बराबर गर्ने सरकारको लक्ष्य छ ।

यस वर्ष सरकारले कुल १९ खर्ब ६४ अर्ब रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । यसमध्ये फागुनसम्म कुल बजेट खर्च ९ खर्ब २६ अर्ब ५८ करोड रुपैयाँ गरेको छ । जुन वार्षिक लक्ष्यको तुलनामा ४७.१८ प्रतिशत बराबर हो । सो लक्ष्यलाई बजेटको अर्धवार्षिक समीक्षाबाट केही घटाइएको छ ।

उता, सरकारको आम्दानी र खर्चका बीचमा भने ठूलो खाडल अझै छ । फागुनसम्म सरकारको कुल आम्दानी ७ खर्ब ५१ अर्ब ८६ करोड रुपैयाँ बराबर भएको छ । खर्च र आम्दानीका बीचमा १ खर्ब ७४ अर्ब रुपैयाँ बराबरको खाडल रहेको छ । यसको परिपूर्तिका लागि सरकारले आन्तरिक तथा बाहृय ऋण परिचालन गरेको छ ।

चालु आर्थिक वर्षको सुरुवातमै मुलुकमा जेनजी आन्दोलन भयो । सो आन्दोलनपछि सरकार प्राथमिकता नै परिवर्तन भयो । जसले गर्दा विकास खर्च प्रभावित भएको देखिन्छ । निर्वाचन प्रयोजनका लागि चालु खर्च उच्च गतिमा भएको छ । साभार अनलाइनखबर डटकम

# चुनावी प्रचारमा लाग्ने शिक्षक र कर्मचारीलाई कारबाही गर्ने तयारी

*वीरगंज, ०१ चैत्र ।*

प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र पारदर्शी बनाउन आचारसंहिता कडाइका साथ पालना गर्न निर्वाचन आयोगले आग्रह गरेको छ ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले एक विज्ञप्ति जारी गर्दै शैक्षिक संस्थासंग सम्बद्ध प्राध्यापक, शिक्षक तथा कर्मचारीलाई कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा चुनावी प्रचारप्रसारमा संलग्न नहुन निर्देशन दिएको छ ।


आचारसंहिताको पूर्ण पालना गर्नु सरोकारवाला पक्षहरूको दायित्व रहेको र सबै राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित पक्षहरूले निर्वाचन आचारसंहिताको पूर्ण पालना भए नभएको विषयमा आयोगले अनुगमन गरिरहेको भन्दै केही प्राध्यापक, शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको भनी आयोगमा उजुरी तथा गुनासो समेत प्राप्त भएको उल्लेख गरिएको छ ।

जारी गरिएको उक्त विज्ञप्ति भनिएको छ, 'शिक्षा ऐन, २०२८ को दफा १६७. को उपदफा -५) को खण्ड -छ) मा शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने व्यवस्था रहेको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १० को खण्ड -क) मा विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने र ऐ. दफाको खण्ड -ग) बमोजिम कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारीसाधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने स्पष्ट व्यवस्था रहेको छ ।'

आचारसंहिताको व्यवस्था प्रतिकूल हुने गरी निर्वाचन प्रचारप्रसार गतिविधिमा सामेल भएको पाइएमा आचारसंहिताको दफा ४८ बमोजिम कारबाही गर्ने चेतावनी आयोगले दिएको छ ।

# पटकपटक तस्करी र भ्रष्टाचारमा मुछिएका थिए, झलकराम अधिकारी



*काठमाडौं,१ चैत ।*

राजस्व चुहावटको उजुरी मिलाइदिएबापत ७० लाख रुपैंया घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सहसचिव झलकराम अधिकारीविरुद्ध आईतबार विशेष अदालतमा भ्रष्टाचारमुद्दा दायर गऱ्यो ।

उनी राजस्व अनुसन्धान विभागको महानिर्देशक भएका बेला साउन, २०७९ मा घुस लिएको र त्यो रकम दोस्रो तहका मानिसहरु प्रयोग गरेर जग्गा खरिद र ऋण व्यवस्थापनमा काम गरेको अख्तियारको आरोप छ । अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेसँगै सचिव हुने बरियताक्रममा रहेका उनी निलम्बनमा परेका छन् ।

उनी यसअघि पनि पटकपटक विवादमा परेका सहसचिव हुन् । शक्ति र पहुँचका भरमा आकर्षक कार्यालयहरुमा पोष्टिङ हुने उनी त्यसक्रममा पटकपटक विवादमा परेका थिए ।

भदौ, २०८० मा उनी अध्यागमन विभागका महानिर्देशक थिए । सुन तस्करीमा मुछिएका चिनिया नागरिक दावा छिरिङसँग जोडिएको भेटिएपछि उनी महानिर्देशकबाट मन्त्रालयमा तानिएका थिए ।

चैत, २०८० मा सुन तस्करीबारे जाँचबुझ गर्न गठन भएको आयोगले उनलाई कारवाहीको सिफारिस गरेको थियो । दावा र उनीविच विच्याट एपमा पटकपटक कुराकानी भएर सामान छाड्ने गरेको खुलेको थियो, उनी त्यतिबेला राजस्व अनुसन्धान विभागमै थिए ।

संसदीय छानविन विशेष समितिले पनि झलकरामको भूमिकामा प्रश्न उठाएको थियो । उनी अध्यागमन विभागको महानिर्देशक हुदा गरेको शंकास्पद गरिविधिका कारण जीवी राई नेपालबाट फरार हुने मौका पाएको उक्त प्रतिवेदनमा उल्लेख थियो ।

माघ, २०७५ मा पोखरा महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत हुँदा पनि उनी टेण्डरसम्बन्धी विवादमा मुछिएका थिए । साभार अनलाइनखबर डटकम

# राष्ट्रिय सभा सदस्यमा गृहमन्त्री ओमप्रकाश अर्याल सिफारिस

*काठमाडौं,१ चैत ।*

सरकारले राष्ट्रिय सभा सदस्यमा गृहमन्त्री ओमप्रकाश अर्याललाई नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले अर्याललाई राष्ट्रिय सभा सदस्यमा नियुक्त गर्न राष्ट्रपति

बांकी अन्तिम पृष्ठमा

# जेनजी आन्दोलनबारे जाँचबुझ आयोगको प्रतिवेदन ग्रहण गर्ने सरकारको निर्णय

*काठमाडौं,१ चैत ।*

सरकारले गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनको क्रममा भएको घटनाबारे जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदन ग्रहण गर्ने निर्णय गरेको छ ।




आइतबार बसेको मन्त्रिपरिषद् बैठकले जाँचबुझ आयोगले पेश गरेको उक्त प्रतिवेदन अध्ययन गर्नेगरी ग्रहण गर्ने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहेका गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए ।

'२०८२ भदौ २३ र २४ गते भएको प्रदर्शनको क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदन अध्ययन गर्नेगरी नेपाल सरकार मन्त्रिपरिषद्ले ग्रहण गर्ने,' अर्यालले भने ।

जेनजी आन्दोलनबारे जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदनबारे मन्त्रिपरिषद्मा आइतबार छलफल भएको थियो ।

उक्त प्रतिवेदन अहिलेसम्म सार्वजनिक भएको छैन । प्रतिवेदनमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक, तत्कालीन प्रहरी प्रमुख चन्द्रकुवेर खापुङ लगायतलाई फौजदारी अनुसन्धान गर्न सिफारिस गरिएको छ ।

उक्त प्रतिवेदन पूर्ण सार्वजनिक गर्न भन्दै दबाब बढिरहेको छ । साभार अनलाइनखबर डटकम

# रविको मुद्दा सम्बन्धी रिट हेर्दाहेर्दैमा

*काठमाडौं,१ चैत ।*

सर्वोच्च अदालतले महान्यायाधिवक्ता सविता भण्डारी बरालले गरेको निर्णयविरुद्ध परेको मुद्दा नियमित सुनवाइ गर्ने भएको छ ।

महान्यायाधिवक्ता बरालले रवि लामिछानेविरुद्ध दायर मुद्दा संशोधन गने निर्णय गरेकी थिइन् ।

त्यो निर्णयविरुद्ध

बांकी अन्तिम पृष्ठमा

# राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिव श्रेष्ठ मनोनीत

*काठमाडौं,१ चैत ।*

राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा आदर्शकुमार श्रेष्ठ मनोनीत भएका छन् ।

प्रधानमन्त्री एवं कोषका संरक्षक सुशीला कार्कीले उनलाई कोषको सञ्चालक समितिको अध्यक्षमा मनोनीत गरेकी हुन् ।

उनी आगामी ५ वर्षका लागि उक्त पदमा मनोनीत भएका हुन् । आदर्शकुमार श्रेष्ठ प्रधानमन्त्री सुशीला कार्कीका प्रमुख स्वकीय सचिव थिए । उनले प्रधानमन्त्रीको सचिवालयमा पत्नी र नातेदारलाई राखेका थिए ।

श्रेष्ठले पत्नी संगीता श्रेष्ठलाई सहसचिवसरह स्वकीय सहसचिव बनाएको कुरा खुलेपछि प्रधानमन्त्रीको सचिवालयबाट सबै नियुक्तिहरू हटाइएको थियो ।

प्रधानमन्त्रीका प्रमुख स्वकीय सचिवले आफ्नो पदीय पहुँच प्रयोग गरेर श्रीमतीलाई जागिरमा भर्ना गरेको विषय बाहिर आएपछि विरोध भएको थियो । साभार अनलाइनखबर डटकम

सिंह दैनिकका लागि प्रकाशक
हरिशंकर राउत कुर्मी
मो. ९८०७२०५०९८
सम्पादकः- श्रीराम प्रसाद रौनियार
रिपोर्टर/फोटो पत्रकारः- अनिल श्रेष्ठ
(मो. ९८४५०३८४७२)
कम्प्युटर अपरेटरः- आर.के.एस.
(मो. ९८११८३४७३९)
कानुनी सल्लाहकारः- दिनानाथ अधिकारी
बजार व्यवस्थापकः- निरज पटेल
E—mail—shinghdainik@gmail.com
कार्यालयः- वीरगंज, पर्सा
कार्यालय सम्पर्क नम्बरः- ०५१-२२९४२८
मुद्रकः पौडेल अफसेट प्रेस
वीरगंज महानगरपालिका-१३ मुर्ली, पर्सा

# सुनामी फेरि आउँछ

२१ फागुन , २०८२ को निर्वाचनले नेपाली कांग्रेस र कम्युनिस्ट पार्टीको राजनीतिक संरचनामा ठूलो उलटफेर ल्याएको छ ।

निर्वाचनमा नेपाली कांग्रेसले विगतमा जितेको ५७ प्रतिशत सिट गुमाएको छ भने एमालेले ६८ प्रतिशत र नेकपाले ६० प्रतिशत सिट गुमाएको छ । नयाँ सरकारलाई भ्रष्टाचार नियन्त्रण र सुशासन कायम राख्न चुनौती थपिएको छ ।

जनता आगो हुन्, ज्वालामुखी बनी उम्लन्छन् । जनता पानी हुन्, प्रलय ल्याउँछन् । एक काँटी सलाईले डढेलोको बीउ रोप्छ । आगोको सानो फिलिङ्गोले सारा बस्ती उजाड पार्छ । इतिहास भन्छ, जब-जब शासकीय दम्भ र स्वेच्छाचारिताले सीमा नाघ्छ, जनअधिकारको ग्यारेन्टी चाहिरहेका नागरिकमाथि जङ्गी बुट बज्रिन थाल्छ, निश्चित छ- 'सुनामी' आउँछ । सुनामी विध्वंसक हुन्छ । सुनामी बम, गोला-बारुदभन्दा विस्फोटक हुन्छ । तानाशाहलाई घोक्रेठ्याक लगाएर सडकमा पछार्ने सुनामी सूक्ष्म चेतनाबाट आरम्भ हुन्छ । समुद्रमा जलसुनामी आएजस्तै राष्ट्र-राज्यमा जनसुनामी आइरहन्छ । जुन देशको शासकले मुलुकलाई बिर्ता ठान्दै ब्रह्मलुट मच्चाउन सुरु गर्छ, आफूलाई मालिक र जनतालाई दास सम्झिन्छ, त्यस देशमा जनसुनामी अवश्य आउँछ । सुनामीको दर्शन साम्यवादी दर्शनभन्दा समतावादी हुन्छ । सुनामी जब आउँछ राजा-रङ्क, कालो-गोरो, ठूलो-सानो, धनी-गरिब, मालिक-दास, अग्लो-होचो सबैलाई एकसाथ लैजान्छ । सुनामीको दर्शन बुझ्न सक्ने, सुनामीले कोरेको मार्गचित्रमा पाइला चाल्न सक्ने नायक नै युग-महारथी बन्न सक्छ ।

सुनामीको जड दशकौँदेखि धर्तीको गर्भमा दमित असन्तोष हो । सुनामी स्वेच्छाचारी शासकविरुद्ध नागरिक बगावतको लाक्षणिक अभिव्यक्ति हो । नेपालमा यतिखेर धेरैको मुखबाट सुनामी शब्द सुनिने गरेको छ । उनीहरू भन्छन्, 'सुनामी आयो ! कुडाकर्कट बगायो !' हुन पनि नेपालमा २१ फागुन २०८२ मा सुनामी आएकै हो । पुराना दल र दम्भी नेतृत्वलाई हायलकायल बनाएकै हो ।

फागुन २१ को सुनामीको सर्जक भदौ अन्तिम हप्ताको भ्रष्टाचारविरोधी युवा विद्रोह थियो । कवि गोपालप्रसाद रिमाल लिखित गीत छ- 'एक जुगमा एक दिन एकचोटि आउँछ, उलटपुलट, उथलपुथल हेरफेर ल्याउँछ ।' फागुन २१ को सुनामी कवि गोपालप्रसाद रिमालको गीतजस्तै हुन पुग्यो, जसले स्थापित राजनीतिक मान्यता र संरचनामा जबर्जस्त उलटपुलट ल्याइदियो ।

यसले प्रजातन्त्रको निर्विकल्प शहंशाह दाबी गर्ने नेपाली कांग्रेसको जगमा नौ रेक्टर स्केलको भूकम्पले झैँ धक्का दियो । कम्युनिस्ट पार्टीको मुख्य भँगालो अनि जनताको बहुदलीय जनवादको मसिहा ठान्ने एमालेलाई हल न चलको अवस्थामा पुऱ्याइदियो । सशस्त्र संघर्षपछि सिंह बनेर प्रकट भएका प्रचण्डलाई बिरालोको नियति भोग्न बाध्य बनाइदियो ।

फागुन २१ को निर्वाचन त्यस्तो सुनामी साबित भयो, जसले कांग्रेस र कम्युनिस्टको स्वप्न-महललाई खण्डहरमा परिणत गरिदियो । यसको पूर्वाभास केही समयपहिले नै भइसकेको थियो । तर विडम्बना, मिडिया बजारमा राजनीतिक विश्लेषकको दर्ज्यानी चिह्न लगाएर बसेका थुप्रैले ठीक-ठीक अनुमान लगाउन सकेनन् ! 'निर्वाचनमा गगन थापाले नेतृत्व गरेको विद्रोही कांग्रेसले सानदार परिणाम ल्याउँछ । कांग्रेस ठूलो पार्टी बन्छ । गगन थापा पराजित हुने कल्पनासम्म पनि गर्न सकिँदैन', दर्ज्यानी चिह्न धारकहरू त्यसै भन्थे ।

परन्तु, दर्ज्यानी चिह्न धारकहरूले माने पनि नमाने पनि सुनामी सुनामी नै थियो । सुनामीले गगनलाई चिनेन । कांग्रेस पार्टीको नेतृत्वको लगाम पचास वर्षे युवाको हातमा रहेको देखेन ।

निर्वाचन परिणामले रास्वपालाई सही अर्थको 'ल्यान्डस्लाइड भिक्ट्री' दिलायो । 'ल्यान्डस्लाइड भिक्ट्री' र दुईधारे तरबार उस्तै-उस्तै हुन् । भारी जनमत नराम्रो होइन, तर जति भारी जनमत, त्यति धेरै जनअपेक्षा। रवि-बालेनहरूलाई यतिबेला भारी जनअनुसार काम गर्नुपर्ने चुनौती थपिएको छ । उनीहरू प्रश्न सोध्ने ठाउँबाट जवाफ दिने स्थानमा बसाइँ सरेका छन्

सुनामीलाई कांग्रेसको नेतृत्व कति वर्षको छ? पार्टीको लगाम देउवाको हातमा छ कि गगनको? भन्ने

बांकी तेस्रो पृष्ठमा

# नयाँ सरकारसामु शासकीय सुधारको ठूलो अवसर

आम चुनाव २०८२ लगत्तै जनमानसको कौतूहल अर्को चरणमा प्रवेश गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले ऐतिहासिक जनमत पाएसँगै आगामी सरकारले के-कसरी आफ्ना वाचाहरू लागू गरेर देखाउँछ भन्ने कौतूहल चुलिएको छ । उक्त पार्टीले निर्वाचन पूर्व सुर्खेतबाट जारी गरेको १०० बुँदे 'वाचापत्र' र निर्वाचनका दिन मेची-महाकालीभित्रका ६ हजार ७४३ वटा वडाहरूमा नेपालका नागरिकहरूसँग गरेको 'नागरिक करार' कसरी लागू होला? यसबीच आकाशिएको जनाकांक्षा र युवाकांक्षालाई पूरा गर्न के सम्भव होला?

यस्तै प्रश्नहरूको जवाफ खोज्दै केही दिनभित्र गठन हुने नयाँ सरकारको अग्निपरीक्षा शुरु हुनेछ । त्यो अग्निपरीक्षा हो ! गरेका वादा र बढेका जनाकांक्षा अनुरुप देशलाई स्थिरता र समुन्नतिको राजमार्गमा हाँक्ने । उता शासन गर्ने सिंहदरबारतिर फर्कौं। जेनजी विद्रोह दौरान गत भदौ २४ मा तहसनहस भएको केन्द्रीय सचिवालय सिंहदरबारमा अनगिन्ती चुनौतीले नयाँ सरकारलाई कुरेर बसिरहेको छ ।

यी र यस्ता चुनौतीको भारले थिचिएर बस्ने छुट नयाँ सरकारलाई मतदाताले दिँदैनन् । तर सान्दर्भिक सवाल यो छ कि यी सबै चुनौती समाधान गर्न के अहिलेको कर्मचारीतन्त्र सबल छ? 'छैन' भन्ने जवाफ अवश्य आउँछ आम जनमानसको कोरसबाट। यसैले अब्बल शासकीय सुधार यो समयको व्यग्र खोजी हो ।

शासकीय सुधारको कुरा चल्दा कर्मचारीतन्त्रमै फेरि फर्कौं। एउटा रोचक ब्राजिलियन चुट्किला छ । राजनीतिक समाजशास्त्री प्रोफेसर रबर्ट इभान्स आफ्नो प्रसिद्ध पुस्तक 'इम्बेडेड अटोनोमी' -गाँसिएको स्वायत्तता) यही चुट्किलाबाट शुरु गर्छन् ।

चुट्किलाको भावार्थ यस्तो छ । एकदिन देश-संसार हेर्न दुई वटा सिंह चिडियाखानाबाट भाग्छन् र तिनले अलग-अलग बाटो तताउँछन् । पहिलो सिंह बाक्लो वन भएको पार्क भएतिर छिर्छ । भोकको सुरमा नजिकै हिंडिरहेको एउटा मान्छेलाई खाँदाखाँदै ऊ पक्राउ पर्छ । मुसो जस्तो भएर ऊ चिडियाखानामा फिर्ता आइपुग्छ । अर्को सिंहको महिनौं दिनसम्म कुनै अत्तोपत्तो हुँदैन । एकदिन ऊ पनि पक्राउ परेर त्यही चिडियाखानाको खोरमा आइपुग्छ । निकै हृष्टपुष्ट भएर फिरेको दोस्रो सिंहलाई देख्नासाथ कौतूहलपूर्वक पहिलो सिंहले सोधिहाल्छ- "यतिका दिनसम्म यसरी सकुशल लुक्ने ठाउँ कहाँ फेला पाऱ्यौ साथी?"

सरकारको एउटा मन्त्रालयमा भन्ने जवाफ दोस्रोले झटपट फर्काउँछ । ऊ अझै भन्दै जान्छ ! हरेक तीन दिनमा एउटा सरकारी कर्मचारी खाने गर्थे। कसैले थाहै पाउँदैनथे । "अनि कसरी पक्राउ पऱ्यौ त !" नथामिएर पहिलोले पुनः सोधिहाल्छ । गल्तीवश एकदिन बिहानको सत्रमा कफी बनाउने कामदार खाएछु। त्यसपछि थाहा पाइहाले र म तत्कालै पक्राउ परिहालें। बहुत उदास हुँदै उसले जवाफ फर्काउँछ । यो चुट्किलाभित्र थुप्रै सन्देश भेटिन्छन् ।

मन्त्रालयमा कर्मचारी काम गर्दैनन् र यसैले गर्दा कर्मचारी अफिसमा भए/नभएको थाहा-पत्तो नै नहुने अवस्था दर्शाउँछ । सरकारी कर्मचारीको अत्तोपत्तो नै नहुने भएपछि कामको कुरो दुरको विषय भइगयो ।

हालसम्मको सरकारहरूको सफलता र असफलतामा कर्मचारीतन्त्रको समेत संलग्नता छ । यो सत्यलाई स्वीकार्न किन्तु परन्तु भन्नुपर्दैन । विगतमा भएका सुधार प्रयासलाई धन्यवाद दिउँ। तर असफलताका लागि के गर्ने त? सरकार प्रमुखले कर्मचारीतन्त्रलाई दोष दिएर वा गालीगलौज गरेर दिन खेर फाल्ने कुरा भएन । यसमा चाहिएको सुधार गर्ने आँट नै हो । आखिरकार कर्मचारीतन्त्रको विकल्पको आविष्कार भइसकेको अवस्था छैन । दुनियाँभरका राज्य संयन्त्रहरू चलिरहेछन् सुधारको विकल्पले ।

'सरकार हाम्रा समस्याहरूको समाधान हैन ! सरकार नै समस्या हो' भन्दै कुर्लिने खुला बजारका पक्षपाती रोनाल्ड रेगन एकताका -सन् १९८१-१९८९) अमेरिकामा राष्ट्रपति थिए । उनले पनि कर्मचारीतन्त्रमा सुधार गर्दै आफ्ना नीतिहरूको सफल प्रयोग गरेर गए । रेगन अन्ततः सफल मात्रै भएनन् ! रूपान्तरणकारी राष्ट्रपतिको छोटो सूचीमा गनिए र उनको नवउदारवादी सुधारलाई 'रेगनामिक्स' भन्न थालियो ।

यसै पनि हरेक राजनैतिक उथुलपुथलपछि शासकीय सुधार गर्ने संसारमा चलेको रित हो । त्यसमाथि ठूलो वाचा सहित शासनमा उक्लिएको सरकारले यो सुधार नगरी पाइला सर्दैन । अहिले हिंडेर पुगिने अवस्था छैन । कस्सिएर दौडिनुपर्नेछ । नेपाली समाजले व्यापक र तीव्रतर सुधारहरू मागेको छ । तर त्यस्ता सुधारको तर्जुमा गर्नेदेखि लिएर लागू गर्ने सवारी साधन कर्मचारीतन्त्र नै हो । यसलाई भरपर्दो म्याराथन धावक बनाउने शासकीय सुधारले हो ।

यस अन्तर्गत भ्रष्टाचार नियन्त्रण ! प्रशासनिक तथा निजामती सुधार ! न्यायिक क्षेत्र सुधार ! राजस्व सुधार ! प्रहरी प्रशासन सुधार ! सुरक्षा क्षेत्र सुधार ! सार्वजनिक सेवा सुधार ! कूटनीतिक क्षेत्र सुधार ! निर्वाचन प्रणाली सुधार, अन्तर सरकार सम्बन्ध सुधार लगायत अनेकन् पहलहरू भावी सरकारप्रमुखको प्राथमिकताको राडारमा पर्नुपर्ने छँदैछ । यसो भन्दा विगतमा सुधार नगरिएको हैन । तर अबको सुधारले थप मागेको डिजिटल रूपान्तरण र कार्यान्वयन सहितको सुधार हो ।

मलाई लाग्छ ! पाँच वर्षको कार्यकाल लिएर आएको भावी सरकारको पहिलो एक-दुई साल यिनै शासकीय सुधारहरूमा बेस्सरी खर्चनुपर्नेछ । बाँकी रहने समयमा द्रुत र उच्च आर्थिक वृद्धिको प्राप्ति र लाभको न्यायपूर्ण वितरणमा अत्यधिक खर्चिनुपर्ने हुन्छ । अर्को चुनौती भनेको अबको सुधार बहुतले हुनुपर्छ अर्थात् उँधोउँभो -भर्टिकल) समेटेको हुनुपर्नेछ ।

सुधारभित्र सबै तहको शासकीय संरचनाहरू समेटिनुपर्नेछ । केवल संघीय सरकारको तहमा गरेको सुधार जनसमक्ष पुग्दैन । प्रदेश सरकार र स्थानीय तहमा समेत सुधारको सिंचाइ पुग्नुपर्नेछ । यसका अतिरिक्त तेर्सो -होराइजन्टल) सुधार पनि उत्तिकै आवश्यक देखिन्छ । केवल कार्यपालिकाले आफूभित्र गरेको सुधारले पुग्दैन ।

नेपालको प्रशासनतन्त्रमा हालसम्म गरिएका सुधारको असफलतामा कतिपय यिनै फ्याक्टरहरू अत्यधिक जिम्मेवार छन् । यसतर्फ नेपाली सुधारकर्ताहरू विशेष सतर्क हुन जरूरी छ

राज्य संयन्त्रभित्र प्रशासनिक संरचनाभन्दा वरपर रहेका संवैधानिक लगायत केन्द्रीय तहका विभिन्न अङ्गमा सुधार पुग्नुपर्नेछ । यसै पनि भनिन्छ ! नेपालमा तीन तहको सरकारबाट करीब पच्चीस सयदेखि पैंतीस सय वटा सेवाहरू नागरिकहरूलाई दिने गरिएको भनिन्छ ।

अधिकांश ती सेवाहरूको डिजिटलाइजेशन हुन सिङ्गै बाँकी छ । हेर्दा हर्कुलसको जस्तो देखिएला यो भीमकाय परिवर्तन । तर यसको लागि आगामी सरकारको कम्मर शुरुवातदेखि नै कस्सिएको हुनुपर्नेछ । तथापि यी तमाम सुधारहरू एकै खेपमा नसकिएर खेप-खेपमा वा नियमित रूपमा गर्नुपर्ने हुन सक्छ । यस्तो पृष्ठभूमिमा शासकीय सुधार पहिलो खेपको सुधारको प्राथमिकतामा नपरे राज्य संयन्त्र गाडी हैन ! ठेलागाडा बन्ने खतरा मडारिन्छ । त्यसबाट आम नागरिक खासगरी युवा पुस्तामा फेरि झ्यांगिन सक्ने निराशा र त्यसको दुष्परिणाम सबैका लागि ज्यादै महँगो पर्न सक्छ ।

यहाँनेर भन्नै पर्ने हुन्छ "भइहाल्छ नि" भन्ने पुरातन शैलीले सुधारमा सिन्को भाँच्दैन । यसै पनि संसारमा सुधार सित्तैंमा अथवा निःशुल्क भएको छैन । यसमा केही न केही लागत लागेकै हुन्छ । कसै न कसैले केही न केही मूल्य चुकाउनै पर्ने हुन्छ । साथै सुधारबाट फल्ने फल खान पाक्ने समय कुर्नुपर्ने हुन्छ । यसरी कुर्नु पर्दा खप्नुपर्ने प्रसव-पीडा कहिलेकाहीं चर्को पनि हुन सक्छ ।

यसबीच चुकाउनुपर्ने ठूलो मूल्य सरोकारवालाहरूको आक्रोश र विरोधले उत्पन्न गराउँछ । 'सुधार थकान' -रिफर्म फटिग) भन्ने विशेष परिस्थिति हुन्छ जसले कैयन् सुधारकर्तालाई औधी सताउँछ र गलाउँछ । टि रेनें बोएन र अन्यले गरेको अनुसन्धानात्मक लेखको निचोड नेपालका हकमा निकै सान्दर्भिक छ ।

शुरुशुरुमा राजनीतिकर्मीहरू सुधारमा तातेर लाग्छन् । तर विस्तारै शुरुका सुधार अभ्यासहरू जब असफल हुन्छन् उनीहरू पनि क्रमशः सुस्ताउँदै सेलाउँदै जान्छन् । यद्यपि यस्तो अवस्थाबाट बचेर सुधार जारी राख्नुपर्ने हुन्छ ।रु हो ! कुशल शासकको परीक्षा यहींनेर हुन्छ ।

उसले कत्तिको सुझबुझपूर्ण तवरले तमाम बाधा अवरोधको आँधीबेरीमा नथाकी सुधारको जहाजलाई सकुशल गन्तव्यसम्म पुऱ्याउँछ ! त्यो हेर्न भविष्यसम्म कुनै पर्ने हुन्छ ।

सुधार विरुद्ध हुने विरोध अर्को खड्को छ जसको केही पूर्वानुमान गर्न सकिन्छ । यसै पनि सुधार संस्थाहरूको दक्षता बढाउन र सेवा अथवा वस्तुको उत्पादन वा उत्पादकत्व बढाउन गरिन्छ । सधैं अदक्षताको लागत भार आम नागरिक वा राज्यमाथि बोकाइरहँदा एक सानो समूहलाई सधैं सुविधा र फाइदा पुगिरहेको हुन्छ ।

यस्तै समूहलाई एकथरी आलोचकले 'तरमारा' पनि भन्ने गर्छन् । यस्तै प्रसङ्गमा हो रेगनले सरकारको समाधान बजारमा भएको इङ्गित गरेका थिए । त्यसका लागि सेवा तथा वस्तु उपलब्ध गराउने क्षेत्र बजारलाई छोड्दै जानुपर्ने हुन्छ । जस्तैः वायुसेवाका लागि नेपाली आकाश र जलविद्युत् उत्पादनको ढोका निजी क्षेत्रलाई खुला गरेपछि निजी क्षेत्रले निकै फड्को माऱ्यो । सेवा प्रदायक वायुसेवाहरू खुले । बिजुली उत्पादन ह्वात्तै बढ्यो । तर पनि वर्षौंबाट हिंडिरहेको बाटो छोडेर नयाँ बाटो हिंड्न खोज्दा नै हो अवरोध आउने !

सुधार गर्दा आउने बाधाको लेखाजोखा गर्दा विदेशी लगानीका लागि नयाँ-नयाँ क्षेत्रहरू खोल्नुपऱ्यो भने अहिलेसम्म एकाधिकार भोग गरिरहेका स्वदेशी व्यवसायीहरूबाट संभवतः विरोध आउन सक्छ । किनकि यहाँनेर 'क्रोनी-क्यापिटालिज्म' -आसेपासे पूँजीवाद) ले घर गरेर बसेको हुन सक्छ । निजामती क्षेत्रभित्र अलि ठूलो सुधार खोजियो भने संभवतः कर्मचारीका संघ-संगठनहरूबाटै विरोध हुन सक्छ । सार्वजनिक विद्यालय शिक्षा प्रणालीमा सुधार गर्नु पर्दा सरकारी शिक्षकहरू विगतमा जस्तै फेरि पनि आन्दोलित हुन सक्छन् । किनकि अधिकांशलाई दक्षतामा भन्दा खाईपाई आएको सुविधामा बाँच्ने कुलत बसिसकेको हुन्छ ।

संसारमा भएको सुधारको प्रतिरोधतिर फर्किएर हेर्दा लामो फेहरिस्त भेटिन्छ । यतिखेर केही झलक मात्रै हेरौं। भारतले २०२०-२०२१ मा निकै लामो र ठूलो किसान आन्दोलन झेल्नु पऱ्यो । त्यो त्यतिखेर भयो जब भारत सरकार २०२० सेप्टेम्बरमा कृषि सम्बन्धी तीन वटा कानून निर्माणमा एकैचोटि अघि बढ्यो ।

आशा गरौं ! अबको शासकीय सुधारले नयाँ सरकारको मार्गचित्रलाई चाहिने भारवहन क्षमता दिलाउन सकोस्। प्रशासनिक संयन्त्र आउँदो पाँच वर्षभित्र सदाचारी राज्य निर्माण गर्न र ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार सूचकांकमा भारी सुधार गर्न योग्य होस्। देशको जीडीपीको आकार १०० अर्ब डलरसम्म पुऱ्याउन मद्दतकारी हुने र १२ लाख नयाँ रोजगारी सृजना गराउन सक्ने होस्

ठिक यति नै बेला अर्जेन्टिना सरकारले अर्थतन्त्रमा लगानी बढाउने ध्येयले भन्दै संसद्मा ल्याएको श्रम विधेयकको विरोधमा श्रमिक संगठनहरू धमाधम आन्दोलित भइरहेका छन् । सन् २०२३ मा फ्रान्स सरकारले पेन्सन सुधारका लागि पेन्सनको उमेर बढाउने

बांकी तेस्रो पृष्ठमा

हिंसा तथा हतियार कहिल्यै पनि मानिसहरुको समस्यालाई समाधान गर्न सक्तैन । युद्ध मानवतावादीहरुको पराजय हो ।" - पोप जान पाल द्वितीय

## नयाँ...................

विधेयक ल्याउँदा महिनौंसम्म फ्रान्सभरि आन्दोलन सल्कियो ।

स्वाभाविक हो ! सुधार हिंड्ने बाटोमा अनेक खाले जोखिमहरू उम्रिन्छन् नै। माथि भनिए अतिरिक्त कतिपय सुधारहरू आफैंमा चटके शैलीका पनि हुन्छन् । ती तत्काल त चटपटे स्वादको हुन्छ तर दिगो हुन्न । त्यस्तै कतिपय ‘घाँटीभन्दा ठूलो हड्डी’ भने जस्तो औकात भन्दा ठूला चुनावी वादाहरू त झनै दिगो हुन्नन् ।

मूलतः लोकप्रियतावाद हावी भएर गरिने सुधार स्वभावैले चटकपूर्ण र औकात भन्दा ठूला हुने गर्छन्। यसरी गरिने सुधार सार्वजनिक खपतका लागि नै हुन्छ । बरु एउटा राम्रो फिल्म बने समाज परिवर्तनका लागि लामो समयसम्म नमेटिने छाप छोड्न सम्भव हुन्छ तर सुधारका नाममा गरिने स्टन्टबाजी वा चटकबाजीले देशको ड्यासबोर्डमा गन्न वा भन्न लायक परिणाम देखाउँदैन ।

यसैले अपेक्षा गरिन्छ कि सुधार बरु अलोकप्रिय होस् तर दिगो होस्। तत्काल हल्लाखल्ला गर्ने भन्दा गरेर देखाउन सकिने ! दीर्घकालसम्म टिक्ने र फल दिने होस्। त्यस्तो फलमा सबैको हक लागोस्। भुइँ नागरिकले सेवा लिन जाँदा सरकारी कार्यालय धाउनु पर्दा सुधार अनुभूत गर्न सकोस्।

अस्पतालको सेवा सुध्रिएमा ! यातायात कार्यालयमा लाइन बस्नु नपरेमा वा बिचौलिया निमिट्यान भएमा ! मोटरसाइकल चढ्नु नपर्ने गरी महानगरहरूमा सार्वजनिक यातायातले द्रुतसेवा दिएमा जनजनले सुधारवादी सरकारको महसूस गर्नेछन् ।

विगतमा नेपालको शासकीय सुधारले अनेकन् विडम्बना झेल्दै आएको छ । भविष्यमा अझै त्यो नहोला भन्न सकिन्न । अर्को कुरा ! सुधारको नालीबेली केलाउँदा धेरैजसो सुधार अल्पायुको हुने गरेको भेटिन्छ । जब सुधारका खातिर गठन गरिएको आयोग वा उच्चस्तरीय कार्यदलले प्रतिवेदन बुझाउँछ ! त्यो सुधारको असामयिक देहान्त तत्कालै भइहाल्ने गरेका दृष्टान्तहरूको लामो रामकहानी छ ।

रामकहानीभित्र धुलोले पुरेका प्रतिवेदनहरू बेहिसाब हराएका छन्। अतः सुधारलाई कसरी दीर्घजीवी वा दिगो बनाउने भन्ने सवाल सुधारको नक्शा कोर्दै गर्दा सुधारको आर्किटेक्टले विचार गर्नुपर्छ ।

विभिन्न मुलुकमा गरिएका निजामती सुधारमाथि सेरा रेपुचीले २०१२ मा गरेको अनुसन्धान नेपालका लागि पनि सान्दर्भिक भएको पाएँ। उनले संसारमा औसत ६ खाले अवरोध व्याप्त रहेकोतर्फ ध्यानाकर्षण गराएकी छिन् । तिनमा राजनैतिक इच्छाशक्तिको अभाव ! योग्यतामा आधारित प्रणाली -मेरिटोक्रेसी) विपरितका गलत स्वार्थ ! सुधारमा संलग्न हुने संस्थाहरूको कमजोर क्षमता ! सुधारको गैर-दिगोपना ! तथ्यमाथि आधारित नभएका विश्लेषण र दाताहरूका सीमा वा कमजोरी अत्यधिक जिम्मेवार हुने गरेको भेट्टाइन्छ ।

नेपालको प्रशासनतन्त्रमा हालसम्म गरिएका सुधारको असफलतामा कतिपय यिनै फ्याक्टरहरू अत्यधिक जिम्मेवार छन् । यसतर्फ नेपाली सुधारकर्ताहरू विशेष सतर्क हुन जरूरी छ । मेरो अनुभवमा कमसेकम शासकीय सुधार दाताको भन्दा घरेलु-उपज भएको बेस हुन्छ । अरूबाट मात्रै हैन ! आफ्नै विगतको सफलता र असफलताबाट पनि सिक्न सकिन्छ । तर सुधार गर्ने हतारोमा सिक्न बिर्सनुभएन ।

अन्त्यमा ! इतिहासकै जटिल कालखण्डमा निजामती प्रशासनले कठिन जिम्मेवारीहरू वहन नगरेको हैन । पूर्व मुख्यसचिव विमल कोइरालाको आँखामा जनमत संग्रह २०३७ ! आमनिर्वाचन २०४८ र आमचुनाव २०६४ र भर्खरै सम्पन्न आमचुनाव २०८२ दौरान यसले पाएको जिम्मेवारी फत्ते गरेको छ । संकट व्यवस्थापनमा नेपाली प्रशासन अब्बल देखिन्छ । उहाँ भन्नुहुन्छ ! तर अरू समयमा यो ढिलो ! प्रक्रियामुखी र नतिजाविमुख छ । मलाई लाग्छ ! विगतमा माओवादी युद्ध दौरान गाउँगाउँबाट विस्थापित भएको स्थानीय सरकारको अभिभारा कर्मचारीले वहन गर्नु पर्दा निजामती प्रशासनले साहसका साथ निकै लामो समय त्यो ऐतिहासिक जिम्मेवारी फत्ते गरेको पक्कै हो । तर विगतमा घ्यू खाएको हत्केला सुँघेर मात्र पुग्दैन ।

आशा गरौं ! अबको शासकीय सुधारले नयाँ सरकारको मार्गचित्रलाई चाहिने भारवहन क्षमता दिलाउन सकोस्। प्रशासनिक संयन्त्र आउँदो पाँच वर्षभित्र सदाचारी राज्य निर्माण गर्न र ट्रान्सपरेन्सी इन्टरनेशनलको भ्रष्टाचार सूचकांकमा भारी सुधार गर्न योग्य होस् । देशको जीडीपीको आकार १०० अर्ब डलरसम्म पुऱ्याउन मद्दतकारी हुने र १२ लाख नयाँ रोजगारी सृजना गराउन सक्ने होस् ।

दश वटा राष्ट्रिय महत्वका ‘सिग्नेचर आयोजना’ सम्पन्न गर्ने ! १५ हजार मेगावाट विद्युत् उत्पादन गराउन सक्ने र ३० हजार कि.मी. राष्ट्रिय राजमार्ग निर्माण गराउन सक्ने होस्। एकीकृत सामाजिक सुरक्षाको ग्यारेण्टी र सार्वजनिक शिक्षामा आमूल सुधार गर्न सक्षम होस्। विदेशमा बस्ने नेपालीलाई अनलाइन मताधिकार दिने ! सार्वभौम डायस्पोरा फण्ड कार्यान्वयन गर्ने ! सुरक्षित लगानी र सम्मानित देश फिर्ती गराउने र मर्यादित वैदेशिक रोजगारी दिलाउन सक्ने होस् ।

यी सबैका लागि ठूलो मात्रामा चाहिने स्रोत-साधन ! प्रविधि र बजार जुटाउन घरभित्र र बाहिर आर्थिक कूटनीति र विकास कूटनीति कुशल भई तिनमा नेपालको पहुँच व्यापक विस्तार गराउन सकोस्। संक्षेपमा ! चुनावको बेला जारी गरेको ‘वाचापत्र’ र ‘करारपत्र’लाई हुबहु लागू गराउन सक्ने क्षमता अबको शासकीय सुधारले दिलाउनुपर्छ । (लेखक ! नेपाल सरकारका पूर्वसचिव एवम् राजदूत हुन् ।) साभार अनलाइनखबर डटकम

## सुनामी...................

जस्ता सवालसँग बाल मतलब थिएन । सुनामीले कांग्रेसलाई मक्किएको पुरानो रुखका रूपमा मात्र देख्यो । यो विशेष महाधिवेशनको सन्देश जनस्तरमा राम्ररी नपुग्नुको परिणाम पनि थिएन । गगनले नेतृत्व सम्हालेको तीन महिनापछि निर्वाचन भएको भए पनि नतिजा लगभग यस्तै आउँथ्यो ।

दर्ज्यानी चिह्न धारकहरूले एकस्वरले उठाएको अर्को कुरा के भने, ‘फलानो नेता चुनाव जित्न फलानो ठाउँमा पुग्यो ।’ यो निम्छरो तर्क हो । यथार्थ यही हो कि, प्रत्येक उम्मेदवार ल्याकतले भ्याएसम्म सुरक्षित क्षेत्रमा गएर चुनाव लड्छ । निर्वाचनमा हरेक उम्मेदवार विजयी हुन चाहन्छ । पराजित हुन कसैले चुनाव लड्दैन ।

यहाँनेर एक टेलिभिजन च्यानलले मतदान सकिएको केही समयपछि प्रस्तुत गरेको मतसर्वेक्षणको चर्चा गर्नु पनि सान्दर्भिक नै हुनेछ । सर्वेक्षणमा नेपाली कांग्रेसले प्रत्यक्षतर्फ ५७ सिट, रास्वपाले ४४ सिट, एमालेले २८ र नेकपाले १८ सिट जित्ने आकलन गरिएको थियो । तर, सर्वेक्षण प्रस्तुत गरेको १२ घण्टा नबित्दै चुनावी ट्रेन्ड ‘के सोचें मैले, के भयो अहिले’ भनेजस्तो देखिन थाल्यो । अन्तिम परिणामसम्म पुग्दा निर्वाचन जित्ने अनुमान गरिएका धेरै चर्चित उम्मेदवारले पराजय व्यहोरे । फागुन २१ को सुनामीले सबैभन्दा घातक निशाना एमालेलाई बनाउँदै थियो । उसले इतिहासमै कमजोर नतिजा ल्याउने निश्चितप्रायः थियो । तर यो स्वीकार गर्न दर्ज्यानी चिह्न धारक धेरैलाई गाह्रो परेको देखिन्थ्यो । एमालेले यो निर्वाचनमा २०७९ मा पाएको सिटको ६८ प्रतिशत गुमायो । सुनामीको दोस्रो निशानामा परेको दलको नाम हो वर्तमान नेकपा। उसले २०७९ को तुलनामा ६० प्रतिशत सिटको नोक्सानी व्यहोऱ्यो । नेपाली कांग्रेसले निर्वाचनमा विगतमा जितेको ५७ प्रतिशत सिट गुमायो । २०७९ को निर्वाचनमा कांग्रेसले ८९, एमालेले ७८, माओवादी केन्द्रले ३२ र नेकपा समाजवादीले १० सिट जितेका थिए । माओवादी केन्द्रलाई बत्तिसे भनिन्थ्यो यसअघि। यसपटक एमालेलाई बत्तिसे हुने सौभाग्यसमेत मिलेन !

निर्वाचन परिणामले रास्वपालाई सही अर्थको ‘ल्यान्डस्लाइड भिक्ट्री’ दिलायो । ‘ल्यान्डस्लाइड भिक्ट्री’ र दुईधारे तरबार उस्तै-उस्तै हुन् । भारी जनमत नराम्रो होइन, तर जति भारी जनमत, त्यति धेरै जनअपेक्षा। रवि-बालेनहरूलाई यतिबेला भारी जनअनुसार काम गर्नुपर्ने चुनौती थपिएको छ । उनीहरू प्रश्न सोध्ने ठाउँबाट जवाफ दिने स्थानमा बसाइँ सरेका छन् । चेस खेलमा घोडाले राजालाई चलमलाउन नसक्ने गरी चेकमेट दिएजस्तै बालेन्द्र शाहले घमण्डी शासकलाई ठाउँको ठाउँ मात दिए यो पालि। यो उनको असाधारण चेकमेट थियो । बालेन्द्रको असाधारण चेकमेटले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा तरङ्ग ल्यायो । चेकमेटपछि बालेन्द्र ‘किङ’को स्थानमा उक्लेका छन् । अब उनी जवाफदेहिता र उत्तरदायित्वबाट उम्कन पाउनेछैनन् । बालेन्द्र शाहप्रति सिकायत पनि छ जनताको ।

जनता पोखरीको जमेको पानी होइनन् । समृद्धिको उन्मुक्त महासागर छुने रहरमा जनताले एक जमानामा राजाको जयजयकार गरे । कुनै बेला नेपाली कांग्रेस जिन्दावाद ! भन्दै गगनभेदी नारा लगाए । इन्कलाब जिन्दावाद ! भन्दै एमाले अनि माओवादीतिर फर्केर दर्बिलो मुठ्ठी पनि उठाए । अहिले तिनै जनता रास्वपाको नीलो झन्डा उठाउन पुगेका छन् । यो क्रम समृद्धिको उन्मुक्त महासागर नभेटेसम्म जारी रहन्छ

उनीहरू भन्छन्, ‘बालेन्द्र झोक्की स्वभावका छन् । आत्मकेन्द्रित छन् । अति महत्त्वाकांक्षी जस्ता पनि लाग्छन् । आमनागरिकसँग घुलमिल हुँदैनन् ! उनको स्वभाव हेर्दा रविसँग द्वन्द्व पर्ने निश्चित जस्तै छ ! आदि-आदि।’ बालेनले आशङ्काको उक्त तुवाँलोलाई कामद्वारा चिर्नुपर्ने भएको छ । उनले राज्य सञ्चालनको क्रममा सन्तुलित नीति अख्तियार गर्नु पनि उत्तिकै जरुरी छ । राजा महेन्द्रसँगको सन्तुलन गुमाउँदा बीपी कोइरालाको दुई तिहाइको सरकार १५ महिनामै अपदस्थ भएको तथ्य बालेन्द्रले हेक्का राख्न सक्नुपर्दछ । फागुन २१ नआउँदासम्म चुनाव हुँदै हुँदैन, चुनाव भयो भने राजनीतिबाट संन्यास लिन्छु भन्नेसम्मका तर्क गर्थे एकथरी। चुनावविरोधी मनोवैज्ञानिक युद्ध लड्नमा ठूला ज्योतिषदेखि मै हुँ भन्ने राजनीतिक पण्डितहरू प्रयोग भए । तर चुनाव भएरै छाड्यो ।

हाम्रोमा यस्तो किन हुन्छ? किन हामी सकारात्मकभन्दा नकारात्मक कुरा बढी गर्छौं? नकारात्मक कुरामा ज्यादा भरोसा राख्छौं? निराशाको खेती गर्नु नेपालीहरूको स्वभाव बनिसकेको हो र? हामीमा पर्खिने धैर्य छँदै छैन भन्दा हुन्छ । तुरुन्तैको तुरुन्तै परिवर्तन चाहिन्छ हामीलाई । थोरै तलवितल होस् मात्र, मुर्दावाद ! र देश छोड् ! भन्दै नारा लगाउन सुरु गर्छौं !

एकथरी मानिसहरू प्रधानमन्त्रीको नियुक्ति नहुँदै ‘लुसिफर’ले यो गर्छ, त्यो गर्छह लुसिफर विदेशी दलाल होह लुसिफर प्रधानमन्त्री भयो भने नेपालमा विदेशी सेनाले मार्चपास गर्छ भन्दै निराशाको खेती गर्न थालिसकेका छन् । हामीले सरकार बनेको चार-पाँच महिनासम्म उसको काम हेर्नुपर्छ । सरकारको गतिविधि सचेतपूर्वक नियाल्नुपर्छ । बाटो बिराउने सङ्केत देखापरे खबरदारी त्यसपछि गर्ने हो । मार्क्सवाद भन्छ- कुनै पनि वस्तुको सिर्जना र विनाशको कारण ऊ स्वयं हो, बाह्य परिस्थितिले त्यसमा बल पुऱ्याउने मात्र हो । त्यसमानेमा २०६४ र २०७४ पछिको संसद्मा दुई तिहाइ हाराहारी उपस्थिति जनाउने एमाले-माओवादी केन्द्र र एकपटक दुई तिहाइ अनि पटक-पटक स्पष्ट बहुमतसहित प्रतिनिधिसभामा पुगेको नेपाली कांग्रेसको दुर्दशाको कारण पनि उनीहरू स्वयम् हुन् । रास्वपाका नेताहरूमा कांग्रेस, कम्युनिस्टहरूको दुर्दशाबाट शिक्षा लिएर जिम्मेवार ढङ्गले सरकार सञ्चालन गर्नुपर्ने च्यालेन्ज थपिएको छ । भ्रष्टाचार नियन्त्रण वा सुशासन अबको सरकारको सबैभन्दा ठूलो चुनौतीको रूपमा रहनेछ । कर तिर्दा अवैध रकम बुझाउनुपर्ने, घर-जग्गा पास गर्दा घुस बुझाउनुपर्ने, ठेक्कापट्टामा घुस, मालसामान आयात-निर्यातमा घुस, सरकारी नियुक्ति वा राजकीय सम्मान प्राप्त गर्न घुस, यो टेबुलबाट त्यो टेबुलमा फाइल सार्न घुस, सवारी लाइसेन्समा घुस, अदालतमा मुद्दा लड्दा घुस, गाडी लिएर सडकमा निस्कँदा ट्राफिक प्रहरीलाई घुस, विदेश उड्न लाग्दा इमिग्रेसनमा घुस ! घुस नबुझाई काम हुने ठाउँ भेरी लाइट बालेर खोज्नुपर्ने स्थिति छ । घुस्याहाहरूको सडकदेखि सत्तासम्मको पिरामिड आकारको सञ्जाल छ । साभार अनलाइनखबर डटकम

एल.एस. न्यूरो एण्ड जेनरल हस्पिटल प्रा. लि.
L.S. NEURO & GENERAL HOSPITAL PVT. LTD.
वीरगंज प्रतिमा चौक देखि पूर्व कलैया जाने रोड, नौतन, बारा
(रिषभ पेट्रोल पम्पको छेउमा)
Mob : 977-9855020917,
निम्नलिखित सेवाहरू २४ घण्टा उपलब्ध छ।
१) टाउको, गर्दन ढाँड, हात, खुट्टा दुखेको ।
२) Accident मा वा लडेर टाउको Spine Injury भएको
३) गर्दन, ढाँड, हात र खुट्टाको नसा च्यापिएको,
४) लकवा (Paralyasisi) वा ब्रेन हेमरेज भएको,
५) छारे रोग (मिर्गी) वा बेहोस भएको
६) Brain वा Spine Tumor भएको,
७) हाडजोर्नी, स्त्री तथा प्रसुति रोग,
८) बाल रोग, जेनरल सर्जन, मुटुरोग सेवा
# Body Check up with CT Scan brain
# Body Check up without CT Scan brain
२४ घण्टा सेवा उपलब्ध छ....
सी.टी. स्केन १६ सलाईस
O.T., ICU, NICU, X-Ray, Ventilator, LAB, ECG, EEG, USG, C-ARM

प्रो. विजय कुमार सर्राफ
MOB. 9855022412 9802922412
।।श्री गणेशाय नमः।।
मो. 051-520267
+977-9855011412
+977-9829280132
hoteladarshinnpvtltd@gmail.com
होटल आदर्श इन
प्रा. लिमिटेड
गहवा चौक रोड-३ माइस्थान, वीरगंज (नेपाल)
हाम्रो सेवाहरू
A.C तथा Non A.c रुमको व्यवस्था ।
A.C. तथा Non. Ac Hall व्यवस्था ।
पार्किङ्ग सुविधा भएको ।
सेमिनार, बर्थडे पार्टी, सेलिब्रेशनको लागि तथा शुभ विवाह वा कुनै कार्यक्रमको लागि हामीलाई सम्झनुहोला ।
Free WiFi सुविधा भएको ।
खाना र नास्ताको राम्रो सुविधा भएको ।

## तपाईको राशिफल

| | |
|---|---|
| मेष | घुमफिर तथा मनोरञ्जनको समय छ । |
| वृषभ | अतिथिका रूपमा सत्कार पाइनेछ । |
| मिथुन | प्रेम र मित्रताको बन्धन कसिलो हुने छ । |
| कर्क | रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । |
| सिंह | मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ । |
| कन्या | प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुने समय छ । |
| तुला | चुनौती चिर्दै काम बनाउन सकिनेछ । |
| वृश्चिक | शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ । |
| धनु | पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । |
| मकर | व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ । |
| कुंभ | अवसरले पछ्याए पनि मौकाको फाइदा उठाउन निकै मिहिनेत गर्नुपर्ला । |
| मीन | स्वास्थ्यका लागि खानपान र विश्राममा ध्यान पुर्याउनुहोला । |

# काठमाडौंको गौरीघाटमा एक युवक मृत फेला

***काठमाडौं, १ चैत ।***

काठमाडौंको गौरीघाट कुटीगल्ली नजिक एक युवक मृत फेला परेका छन् । काठमाडौं महानगरपालिका–७ गौरीघाट कुटीगल्ली नजिक डेरा गरी बस्ने २५ वर्षीय रन्जितकुमार थारू कोठामा मृत फेला परेका हुन् ।

बर्दियाको राजापुर नगरपालिका–२ घर भएका थारू आइतबार कोठामा मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

घटनाबारे आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । साभार अनलाइनखबर डटकम



## श्री ने.रा.आ.वि.

परवानीपुर गा.पा.५, बहुअरी, बारा ।

मधेश, प्रदेश

### सटर भाडामा दिने सम्बन्धी शिलबन्दी दरभाउ-पत्र अव्हानको सूचना

### दोश्रो पटक प्रकाशित मितिः- २०८२।१२।०१

श्री ने.रा.आ.वि. परवानीपुर गा.पा.५ बहुअरीको आ.व.२०८२।०८३ को माघ महिना देखि यस विद्यालयको सेवाधिकार भित्र पर्ने परवानीपुर गा.पा.५, बहुअरी न्युरो हस्पिटल (अस्पताल) को ठिक सामुने उत्तर पट्टि रहेको सटर भएको कोठाहरु मासिक भाडामा दिन आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने यस विद्यालयले तोकेको सर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी, व्यक्तिहरुबाट तोकिएको न्युनतम अंकमा नघट्ने गरि प्रति सटर कोठाको छुट्टा–छुट्टै शिलबन्दी दरभाउ–पत्र फारम खरिद गरी तोकिएको म्याद भित्र शिलबन्दी दरभाउ–पत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

***शर्तहरुः–***

१ ठेक्का अवधि सम्झौता भएको मिति २०८३।०१।०१ गते देखि लागु हुनेछ । प्रति सटर (कोठा) को छुट्टा–छुट्टै कोठा नं. उल्लेख भएको शिलबन्दी दरभाउ–पत्र फारम खरिद गर्नु पर्ने छ । कोठा नं. १ देखि ५ सम्मको कोठा नं. उल्लेख गरिएको हुँदा शिलबन्दी दरभाउ–पत्र दाताले शिलबन्दी दरभाउ–पत्र खरिद गर्न अगावै आफुलाई मन पर्ने कोठाको स्थलगत निरिक्षण गरि मात्र शिलबन्दी दरभाउ–पत्र फारम खरिद गर्नु पर्नेछ ।

२ शिलबन्दी दरभाउ–पत्र सुचना प्रकाशित भएको मितिले १५औँ दिन सम्म विद्यालयबाट तोकेको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी शिलबन्दी दरभाउ–पत्र फारम खरिद गर्न सकिनेछ ।

३ शिलबन्दी शिलबन्दी दरभाउ–पत्र फारम १६औँ दिन दिनको १२:०० बजे भित्र यस विद्यालयमा शिलबन्दी दरभाउ–पत्र दर्ता गर्न सकिनेछ । दर्ता भएको दिन दिनको ०२:०० बजे पछि शिलबन्दी दरभाउ–पत्र दाताका निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ ।

४ शिलबन्दी दरभाउ–पत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु क्रमशः सोको भोलिपल्ट हुनेछ ।

५ नेपाली नागरिकले एकमुष्ठ रु.१५,०००।–(अक्षरेपी पन्ध्र हजार मात्र) विद्यालयको रा.वा.बैंक शाखा कार्यालय कलैयाको चलती हिसावको खाता नं. ७११ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी दरभाउ–पत्र फारम सँग संलग्न गर्नुपर्नेछ ।

६ शिलबन्दी दरभाउ–पत्र खोलिने समयमा शिलबन्दी दरभाउ–पत्र दाता वा निजको प्रतिनिधीहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउ–पत्र खोल्न बाधा पर्ने छैन ।

७ यस सुचनामा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । यस सम्बन्धमा अन्य थप केही कुरा जान्नु परेमा यस विद्यालयमा सम्पर्क गर्नुपर्नेछ ।

| सि.नं. | आय ठेक्का नं. | किसिम | न्युनतम मासिक ठेक्का (बहाल कर बाहेक) | शिलबन्दी दरभाउ–पत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| १ | १।०८२।०८३ | सटर (कोठा) भाडामा दिने | रु. ३,०००।– | रु. १,०००।– |

# इरान युद्ध : अमेरिकाद्वारा आफ्ना नागरिकलाई मध्यपूर्वका १४ देश छाड्न निर्देशन



***काठमाडौं, १ चैत ।***

इरानले मध्यपूर्वमा रहेका अमेरिकी अखडाहरूमा आक्रमण गरेपछि अमेरिकाले आफ्ना नागरिकहरूलाई उक्त क्षेत्रका १४ वटा देश छाड्न अपिल गरेको छ ।

यसअघि बग्दादस्थित अमेरिकी दूतावासमा क्षेप्यास्त्र खसेको घटनापछि शनिबार अमेरिकाले आफ्ना नागरिकलाई इराक छाड्न भनेको थियो ।

अमेरिकी दूतावासले चेतावनी दिँदै नागरिकहरूलाई 'तत्काल इराक छाड्न' भनेको छ ।

दूतावासले लेखेको छ, 'इराकमै बस्ने निर्णय गरिरहेका अमेरिकी नागरिकहरूलाई इरान समर्थित आतंकवादी मिलिसिया समूहहरूबाट उत्पन्न गम्भीर खतरालाई मध्यनजर गर्दै आफ्नो निर्णयमा पुनर्विचार गर्न आग्रह गरिन्छ ।'

समाचार एजेन्सी रोयटर्सका अनुसार, अमेरिकाले शनिबार ओमानबाट गैर–आकस्मिक सरकारी कर्मचारी र उनीहरूका परिवारका सदस्यहरूलाई बाहिरिन आदेश दिएको जनाएको छ ।

यसैबीच, स्विट्जरल्याण्डले आफ्नो हवाई क्षेत्रबाट अमेरिकी सेनालाई उडान भर्न दिने दुईवटा अनुरोधलाई खारेज गरिदिएको छ । स्विस सरकारले एक विज्ञप्ति जारी गर्दै यसको जानकारी दिएको हो । स्विट्जरल्यान्डले इरान युद्धलाई लिएर यस्तो निर्णय गरेको जनाएको छ ।

स्वीस सरकारले आफ्नो निर्णयको पछाडि देशको 'तटस्थता कानुन' लाई उद्धृत गरेको छ ।

विज्ञप्तिमा भनिएको छ– 'यो कानुनले द्वन्द्वमा संलग्न पक्षहरूलाई हवाई क्षेत्रको प्रयोगको अनुमति दिनबाट रोक्छ, जसले उक्त द्वन्द्वसँग जोडिएको सैन्य उद्देश्य पूरा गर्दछ ।'

यद्यपि, स्वीस सरकारले अन्य तीनवटा उडानलाई भने अनुमति दिएको जनाएको छ । तीमध्ये एउटा उडान मर्मतसम्भारका लागि र दुईवटा उडान ढुवानी सँग सम्बन्धित थिए । साभार अनलाइनखबर डटकम

## राष्ट्रिय सभा.........

रामचन्द्र पौडेल समक्ष सिफारिस गर्ने निर्णय भएको हो ।

राष्ट्रिय सभामा राष्ट्रपतिबाट मनोनीत हुने एक सदस्यको संख्या रिक्त छ । उक्त ठाउँमा अर्याललाई नियुक्त गर्न सिफारिस गरिएको हो । साभार अनलाइनखबर डटकम

## रविको.................

सर्वोच्चमा तीन छुट्टाछुट्टै निवेदन दर्ता भएका थिए । न्यायाधीशहरू सारंगा सुवेदी र सुनिलकुमार पोखरेलको इजलासले मुद्दालाई हेर्दाहेर्दैमा राख्ने आदेश गरेको हो ।

अब उक्त मुद्दा पनि नियमित सुनुवाइ हुनेछ । साभार अनलाइनखबर डटकम

# कञ्चनपुरमा कुकुरको टोकाइबाट १६ जना घाइते

***धनगढी, १ चैत ।***

कञ्चनपुरमा कुकुरको टोकाइबाट १६ जना घाइते भएका छन् । भीमदत्त नगरपालिका–४ को महेन्द्रनगर बजार क्षेत्रका विभिन्न स्थानमा आइतबार कुकुरले टोकेर १६ जना घाइते भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्ष क–डीएसपी) हेमबहादुर शाहीका अनुसार कुकुरको टोकाइबाट घाइते भएका सबैको महाकाली प्रादेशिक अस्पताल, महेन्द्रनगरमा उपचार भइरहेको छ । अस्पतालका अनुसार घाइतेहरूको अवस्था सामान्य रहेको छ भने आवश्यक उपचार भइरहेको छ । घाइते हुनेमा भीमदत्त नगरपालिका–३ का २१ वर्षीय अविनाश बिष्ट, भीमदत्त–१८ का २० वर्षीय रोशन भट्ट, भीमदत्त–४ का ४५ वर्षीय जहिद मुस्लिम, बेदकोट नगरपालिका–३ की २१ वर्षीया मानमति जोशी, भीमदत्त–४ का ४० वर्षीय दिव्य सागर, भीमदत्त–१८ की १७ वर्षीया नन्दा सिंह, भीमदत्त–१८ का ३० वर्षीय किशोर बिष्ट रहेका छन् । यस्तै, भीमदत्त–८ का ३२ वर्षीय निराजन चौधरी, भीमदत्त–१८ की १८ वर्षीया सृजना बिष्ट, भीमदत्त–४ का ६८ वर्षीय दुर्गादत्त पन्त, भीमदत्त–१८ का २२ वर्षीय पिरन्जल भट्ट, बैतडी सुर्नया गाउँपालिका–४ की २८ वर्षीया बेलु विक, शुक्लाफाँटा नगरपालिका–११ की २० वर्षीया शर्मिला ऐरी पनि घाइते छन् । कुकुरको टोकाइबाट भीमदत्त–१८ की २८ वर्षीया लक्ष्मी नेपाली, बेदकोट नगरपालिका–१० की २६ वर्षीया खगेश्वरी जाग्री र भीमदत्त–१८ का २५ वर्षीय चन्द्रादत्त भट्ट भएका छन् । डीएसपी शाहीकाअनुसार कुकुरले अधिकांशलाई खुट्टामा टोकेको छ । घटनापछि कुकुरलाई नियन्त्रणमा लिएर उपचारका लागि भेटेनरी अस्पताल तथा पशु सेवा केन्द्रमा बुझाइएको छ । साभार अनलाइनखबर डटकम

